नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कास्की

फोन नं.: ०६१-४६३०७६
०६१-४६१७६४
०६१-४६५०७५
फ्याक्स : ०६१-४६१९६२
Email: daokaski@gmail.com
www.moha.gov.np/kaski

पत्र संख्या : २०७६/०७७
चलानी नं. : 6300

मिति २०७७/०१/२३ गते ।

**विषय : CCMC बैठकको निर्णय सम्बन्धमा ।**

श्री गृह मन्त्रालय,
शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा,
सिंहदरवार काठमाण्डौ

यस जिल्लामा गठित Crisis Management Center (CCMC) को मिति २०७७/०१/२३ गतेको बैठकले गरेको निर्णय यसै पत्र साथ संलग्न राखि पठाइएको व्यहोरा सादर अनुरोध छ ।

.........................
(लिला वल्लभ न्यौपाने)
प्रशासकीय अधिकृत
प्रशासकीय अधिकृत

# बैठक संख्याः २७

आज मिति २०७७/०१/२३ गते कास्कीका प्रमुख जिल्ला अधिकारी श्री ज्ञान प्रसाद ढकालज्यूको संयोजकत्वमा देहायको उपस्थितिमा **Covid-19 Crisis Management Center (CCMC)** जिल्लागत संरचनाको बैठक वसी निम्नानुसार निर्णय गरियो ।

**उपस्थिति :**

| | | | |
|---|---|---|---|
| श्री ज्ञान प्रसाद ढकाल | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, कास्की | संयोजक |
| श्री मदन जंग कार्की | प्रमुख सेनानी | नेपाली सेना, भगवती दल गण फूलबारी व्यारेक पोखरा | सदस्य |
| श्री दान बहादुर कार्की | प्रहरी उपरीक्षक | जिल्ला प्रहरी कार्यालय, कास्की | सदस्य |
| श्री प्रेम ध्वज शाह | सशस्त्र प्रहरी उपरीक्षक | श्री नं २४ सशस्त्र प्रहरी कालिका गण, कास्की | सदस्य |
| श्री भूमी पाठक | उप अनुसन्धान निर्देशक | राष्ट्रिय अनुसन्धान विभाग जिल्ला कार्यालय, कास्की | सदस्य |
| श्री नवराज बराल | जिल्ला समन्वय अधिकारी | जिल्ला समन्वय समिति, कास्की | सदस्य |
| श्री | अधिकृत प्रतिनिधि | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान | सदस्य |
| श्री नानीबाबु दानी | अधिकृत प्रतिनिधि | स्वास्थ्य निर्देशनालय, कास्की | सदस्य |
| श्री ~~वावुराम आचार्य~~ बसन्तनाथ भट्टराई | ~~प्रमुख~~ डा.पु.नि. | स्वास्थ्य कार्यालय, कास्की | सदस्य |

**आमन्त्रित :**

| | | |
|---|---|---|
| श्री डोलराज पाण्डे | सभापति | नेपाल रेडक्रस सोसाइटी कास्की |
| श्री श्रीनाथ पौडेल | सहायक प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, कास्की |
| श्री गुरुदत्त ढकाल | सहायक प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, कास्की |
| श्री भरतराज पौडेल | अधिकृत प्रतिनिधी | पोखरा महानगरपालिका, कास्की |
| श्री लिला वल्लभ न्यौपाने | प्रशासकीय अधिकृत | जिल्ला प्रशासन कार्यालय, कास्की |
| श्री लक्ष्मण बराल | प्रशासकीय अधिकृत | जिल्ला प्रशासन कार्यालय, कास्की |
| श्री यादव ढकाल | प्र.ना.उ. | वडा प्रहरी कार्यालय, बैदाम, कास्की |

# वैठक संख्याः २७

निर्णयहरु :

१. कास्की जिल्ला स्थित विभिन्न स्थानीय तहहरुवाट व्यवस्थापन भई तयारी अवस्थामा राखीएका क्वारेन्टाइन कक्षहरुको विवरण देहाय बमोजिम रहेको ।

| कास्की जिल्लाका स्थानीय तहमा सञ्चालित Quarantine कक्षहरुको क्षमताको संख्यात्मक विवरण | | | | | |
|---|---|---|---|---|---|
| सि.नं | स्थानीय तहको नाम | Quarantine क्षमता | Quarantine मा बसेकाको संख्या | | |
| | | | महिला | पुरुष | जम्मा |
| १. | पोखरा महानगरपालिका | १४८ | ३ | ४ | ७ |
| २. | अन्नपूर्ण गाउँपालिका | ६० | - | - | - |
| ३. | माछापुच्छ्रे गाउँपालिका | १३ | - | - | - |
| ४. | मादी गाँउपालिका | १० | - | - | - |
| ५. | रुपा गाँउपालिका | ३५ | - | - | - |
| | जम्मा | २६६ | ३ | ४ | ७ |

२. नेपाल बाहिरबाट आई कास्की जिल्लाका विभिन्न स्थानीय तहहरुमा बसोबास गर्दै आएका (१४ देखि २१ दिनभित्र बसाई अवधि रहेका) व्यक्तिहरुको COVID-19 को **Rapid Diagnostic Test** गर्ने कार्य मिति २०७६।१२।२८ देखि प्रारम्भ भएको । मिति २०७७।०१।२३ सम्म गरिएको **RDT** को नमूना संकलन तथा नतिजाको विस्तृत विवरण देहाय बमोजिम रहेको ।

जिल्ला कास्की ( Rapid Diagnostic Test : मिति २०७७।०१।२३ गते सम्मको विवरण)

| क.सं. | RDT सञ्चालन गर्ने स्थानिय तह/निकाय | संकलित नमूना संख्या | Non-Reactive (संख्या) | Reactive (संख्या) | नतिजा आउन बाँकि | हाल सम्म संकलित कुल नमूना संख्या | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७७।१।२३ | | | | २०७७।१।२२ सम्म | कुल जम्मा | |
| १ | पोखरा म.न.पा. | ० | ० | - | - | ७१० | ७१० | |
| २ | मादी गा.पा. | १ | १ | - | - | १६ | १७ | |
| ३ | अन्नपूर्ण गा.पा. | ० | ० | - | - | २ | २ | |
| ४ | रुपा गा.पा. | ० | ० | - | - | ५८ | ५८ | |
| ५ | माछापुच्छ्रे गा.पा. | ० | ० | - | - | १० | १० | |
| ६ | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान | ९ | ९ | - | - | २२४ | २३३ | |
| | जम्मा | १० | १० | - | - | १०२० | १०३० | |

३. कास्की जिल्लामा रहेका मानिसहरुको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानले गरेको कोरोना भाइरस (कोभिड-१९) को मिति २०७७।०१।२३ सम्मको नमूना संकलन तथा सो को **Polymerase Chain Reaction (PCR Test)** को नजिता देहाय बमोजिम रहेको ।

| मिति | संकलित नमूना संख्या | नेगेटिभ (संख्या) | पोजेटिभ (संख्या) | नतिजा आउन बाँकी (संख्या) | कैफियत |
|---|---|---|---|---|---|
| २०७७।०१।२३ सम्म | २०८ | २०८ | - | 0 | - |

# वैठक संख्याः २७

४. जिल्लास्थित स्थानीय तहहरुमार्फत मिति २०७७।०१।२३ सम्म वितरण गरिएको राहतको विवरण देहाय बमोजिम रहेको ।

| कास्की जिल्लाका स्थानीय तहहरु मार्फत वितरण भएको राहतको विवरण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सि.नं | स्थानीय तहको नाम | घर परिवार संख्या | वितरित राहत प्याकेजको विस्तृत विवरण | | | | | | | |
| | | | चामल (के.जी) | दाल (के.जी) | नुन (के.जी) | तेल (लि.) | चिनी (के.जी) | केराउ (के.जी) | अन्य | |
| १. | पोखरा म.न.पा. | ३०८८६ | ५२१६५१ | ४१७३२ | ३०८८६ | २०८७२ | ० | २०८७२ | - | |
| २. | अन्नपूर्ण गा.पा. | वडास्तरमा तथ्याङ्क संकलन र आवश्यक राहत सामग्री व्यवस्थापन गरी तयारी अवस्थामा रहेको साथै गाउँपालिकाभित्र राहत प्राप्त गर्ने लाभग्राहीको संख्या करिब ५०० जना रहेको प्रारम्भिक तथ्याङ्क प्राप्त भएको । | | | | | | | | |
| ३. | माछापुच्छ्रे गा.पा. | ६८५ | १७४६० | १३३० | ६८५ | ६८५ | - | - | साबुन १ गोटा मसला १ पोका बेसार १ पोका | |
| ४. | मादी गा.पा. | २०४८ | ५१२०० | २०४८ | २०४८ | ० | २०४८ | ० | ० | |
| ५. | रुपा गा.पा. | ४४७ | ८२०० | ६७७ | ४७१ | ३८६ | - | - | - | |
| जम्मा | | ३४०६६ | ५९८५११ | ४५७८७ | ३४०९० | २१९४३ | २०४८ | २०८७२ | ० | |

५. मिति २०७७/०१/२३ मा प्राप्त मिति २०७७/०१/२२ को गण्डकी प्रदेश स्तरीय **CCMC** को पत्र वैठकमा प्रस्तुत भई छलफल हुँदा देहाय बमोजिम गर्ने निर्णय गरियो :

क. सवारी साधन प्रयोग गरि वा पदैल यात्रा बाट जिल्लाका विभिन्न नाकाहरुबाट प्रवेश गर्ने व्यक्तिहरुले तोकिएको ढाँचा अनुसारको विवरण भरि वुझाए पछि मात्र सिमा नाकाबाट प्रवेश गर्न दिने व्यवस्था जिल्ला प्रहरी कार्यालय कास्कीले मिलाउने ।यसरी प्राप्त हुने विवरणलाई नाकाहरुमा खटिएको सुरक्षा टोलीले एकिकृत गरि पठाएको अभिलेख जिल्लागत **CCMC** ले वेभसाइट मार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाउने ।

ख. जिल्ला भित्र सञ्चालित विकास आयोजना तथा अन्य निर्माण कार्यमा कोरोना संक्रमण नदेखिएका जिल्लाहरुबाट कामदार ल्याउनु पर्ने भएमा सम्बन्धित आयोजना तथा निर्माण कार्य संचालन गर्ने निकायले अनिवार्य रुपमा सम्बन्धित कामदारहरुको PCR परिक्षण गरेर मात्र ल्याउने र निजहरुलाई अन्यत्र आवतजावत गर्न नदिई गरि कार्यस्थलमै क्वारेन्टाईनमा राखेर कार्य गर्ने व्यवस्था मिलाउन आवश्यक सहजिकरण गर्ने ।

ग. गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालयले जिल्लाको सिमा नाकाबाट प्रवेश गरेका व्यक्तिहरुको विद्युतीय अभिलेख राख्नका लागि आवश्यक विद्युतिय APP सञ्चालनमा ल्याए पश्चात यस सम्बन्धि विवरण अद्यावधिक गराउन आवश्यक समन्वय एवम सहजिकरण गर्ने ।

६. गृह मन्त्रालय शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. ३७३० मिति २०७७/०१/२३ को प्राप्त पत्रबाट प्राप्त अत्यन्त जरुरी निर्देशनहरु बैठकमा प्रस्तुत भई छलफल हुदाँ देहाय अनुसार गर्ने निर्णय गरियो :

क. कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणमा जिल्ला स्थित स्थानीय तहहरुसँग समन्वय गरि आवश्यकता अनुसार सवै वडा र वस्तिस्तरमा नागरिक स्तरको प्रभावकारी निगरानी समूह गठन गरि परिचालन मार्फत निगरानी बढाउने व्यवस्थालाई थप प्रभावकारी बनाउन सवै स्थानीय तहहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

ख. दैनिक रुपमा वढिरहेको कोभिड-१९ को प्रकोप नियन्त्रणका लागि जिल्लास्थित सबै राजनैतिक दल, स्थानीय तह, प्रदेश सरकार, विभिन्न संघसंस्था, सञ्चारक्षेत्र समेतलाई एकीकृत समन्वय र सहकार्यको ढाँचा निर्माण गर्ने ।

७. कास्की जिल्लामा कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रण व्यवस्थापनका लागि जारी भएका आदेश तथा निर्देशनहरुको परिपालना एवं कार्यान्वयनको स्थितिको समिक्षा गरियो ।